# चन्दननाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## खलंगा वजार जुम्ला

**कर्णाली प्रदेश,नेपाल ।**

प.स.:२०७९/०८०　　　　　　　　　　　　　　　　　　मिति :२०७९/१२/५

च.नं. :

**चन्दननाथ नगरपालिकाको फोहोर व्यवस्थापन गर्न निजी तथा सामुदायिक क्षेत्रको संलग्नता सम्वन्धि सूचना**

**( प्रथम पटक सूचना प्रकाशन भएको मिति : २०७९/१२/५)**

यस चन्दननाथ नगरपालिकाको नगरकार्यपालिकाको मिति २०७९।०६।२८ गतेको बैठकको निर्णय अनुसार स्थानीय सरकार संचालन ऐन २०७४ र चन्दननाथ नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन २०७८ मा भएको व्यवस्था बोमोजिम नगरपालिकाको वडा नं १,२,३,४,५,६र७ वडाहरुमा फोहोरमैला व्यवस्थापनको कार्य निजी क्षेत्रलाई जिम्मेवारी दिनको लागि नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन २०७८ को दफा (११) को उपदफा (३)(२) बमोजिम अनुमती प्राप्त संस्था, वा निकाय वीच बोलपत्रको माध्यमवाट खुला प्रतिस्प्रर्धा गराई यो बोलपत्र सूचना आव्हान गरिएको छ । राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र सम्वन्धित संस्थाले दस्तुर रु.३०००। अक्षेरुपी तीन हजार मात्र (पछि फिर्ता नहुनेगरी) यस कार्यालयमा नगद बुझाएको सक्कलै रसिद, निवेदन साथ निम्न कागजात संलग्न राखी पेश गर्नु पर्ने छ ।

**१. निवेदनका साथ संलग्न कागजातहरु :**

क) फोहोरमैला व्यवस्थापन सम्वन्धि योजना,

ख) फोहोरमेला व्यवस्थापन सम्वन्धि आवश्यक जनशक्ति तथा प्रविधिको विवरण

ग) तोकिए बमोजिम अन्य विवरण : फोहोरमैलावाट उर्जा शक्ति उत्पादन गर्ने वा प्रांगारिक मल उत्पादन गर्ने क्षमता,पुँजी,प्रविधि र जनशक्ति आर्थिक तथा प्राविधिक क्षमता, फोहोरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावणीय प्रभाव न्यूनिकरण सम्वन्धिको विवरण स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

घ) वुँदा नं ७ बमोजिमका आवश्यक कागजातहरु ।

**२) फोहोरमैला संकलन गर्नु पर्ने क्षेत्र र वडाहरुः**

क) यस नगरपालिकाको वडा नं १ एयरपोर्ट,कालेखोली,वडा नं वडा नं २ अनामनगर, जुम्ला बहुमुखी क्याम्पस,कालेखोली वडा नं शान्तिनगर , केटिएस वडा नं ४ भारतीवाडा, नगरपालिका, टुडिखेल,पत्रकार महासंघ चन्दननाथ मा.वि अगाडी, जि.स.सव डा नं ५ कालेखोली, खलंगावजार,तलिवाडा,वडा नं ६ र ७ मा विजयनगर अदालतरोड, छिना, महतगाँउ, जिल्ला ट्राफिक कार्यालय हुदै वसपार्क सम्म नियमित फोहोर संकलन,व्यवस्थापन,लगायतका कार्य गर्ने,

ख) नकुहिने तथा सिसा, धातु जन्य फोहोरसंकलन गर्न सवै वडाहरु यसका क्षेत्र पर्ने छन ।

**३) फोहोरमैला संकलनको लागि ल्याण्ड फिल्डको व्यवस्थापन :**

क) नगरपालिकाले तोकेको अस्थायी वा स्थायी ल्याण्ड फिल्ड साईडमा मात्र फोहोरमैला विर्सजन गर्नु पर्ने छ ।

**४) फोहोरमैला व्यवस्थापन कर संकलन गर्नु पर्ने :**

क) चन्दननाथ नगरपालिकाको आर्थिक ऐनमा उल्लेखित रनजश्व परामर्श समितिवाट स्वीकृत विषेश परामर्श सेवा तथा अन्य व्यवसायिक सेवा शुल्क वापतको फोहोरमैला व्यवस्थापन शुल्क वापतको तोकिएको रकम मासिक रुपमा उठाउन सक्ने छन । सो वाहेका अन्य सेवा शुल्क उठाउन पाईने छैन ।

**५) फोहोरमैला वापतको कर नगरपालिकालाई वुझाउनु पर्ने :**

क) तोकिएको सेवा शुल्क मध्ये उठेको जम्मा सेवा शुल्कको नगरपालिकालाई वुझाउने राजश्व निर्धारण गर्दा आपसी सझदारीमा गरिनेछ ।

**६) फोहोरमैलामा संलग्न जनशक्ति र सचेतना अभियान :**

क) यस नगरपालिकामा विगत देखि कार्यरत सरसफाईमा संलग्न सवारी साधन,सरसफाइ कर्मचारी ,ल्याण्ड फिल्ड अनुमति प्राप्त संस्था वा निकायले उपभोग गर्न पाउने छ । जनशक्तिमा व्यवस्थापन गर्ने सम्पूर्ण अधिकार सम्वन्धित संस्था वा निकायको हुनेछ ।

ख) फोहोरमैलाको नियमित सरसफाइ जुगाड खोला लगायतका नदि सरसफाई, राजस्व संकलन नकुहिने र कुहिने फोहोरमैला व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी सम्वन्धित संस्था वा निकायको हुनेछ ।

ग) नगरपालिकाले फोहोरमैला व्यवस्थापन सम्वन्धि अनुगमन,सचेतना अभिवृद्धि,अमिुखिकरण लगायतका कार्यहरु संचालन गर्न सक्नेछ ।

**७) अन्य विवरण :**

क) संस्था दर्ता /फर्म को प्रमाण पत्र,कर चुक्ता प्रमाणपत्र, संस्थाको विधान प्रतिलिपी, तथा आवश्यक कागजातहरु ।

ख) व्यक्तिगत वा संस्थागत स्वामित्वमा रहेको वा भाडामा लिएको वर्ग मिटर कम्तीमा १५०० वर्ग मि.क्षेत्रफल देखि २५०० वर्ग मि क्षेत्रफल सम्म रहेको जग्गाको स्वामित्व, ट्रेस नक्सा, लालपुर्जा प्रतिलिपी,वडा सिफारिस आदि ।

ग) व्यवसायीक योजना तथा फोहोरमैला व्यवस्थापन योजना संलग्न राख्नु पर्ने छ ।

घ) स्वीकृत संस्था वा निकायले कार्य गर्ने अवधि २ वर्षको हुनेछ । त्यस पछि सम्झौता अवधी थप्ने वा घटाउने निर्णय नगरपालिकाले गर्ने छ।अन्य कुरा सम्झौता अनुसार हुने छ ।

**८ ) स्वीकृत भएका प्रस्तावनामा द्विपक्षिय आपसी समझदारीमा सम्झौता गरी कार्यान्वयन गरिने । अन्य कुराहरु नगरपालिकाको निर्णय अनुसार सम्झौतामा उल्लेख हुनेछ । यसमा उल्लिखित व्यहोरा मा कुनै कुरा छुट भएको विषय प्रचलित कानुन बमोजिम हुनेछ ।**

थप जानकारीको लागि यस चन्दननाथ नगरपालिकाको वेभसाईड www.cmjumla@gmail.comवा फोन नं ०८:५२००११मा सर्म्पक गर्न सकिने छ । **सूचना प्रविधि शाखा (आ. ई टी अफिसर ज्यू )वेवसाईडमा अवलोड गरी दिन हुन ।**

क्षेत्रबहादुर वुढ्थापा
प्रमुख प्रशासकिय अधिकृत